गुल्मीदरबार गाउँपालिका
Gulmidarbar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
गौंडाकोट, गुल्मी / Gaundakot, Gulmi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

च.नं./Ref. No.:
प.सं./Let. No.:

प्रथम पटक प्रकाशित मितिः २०८१/०६/१६

**गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना**

यस गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अनुसार गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा यस गाउँपालिकाको इच्छुक व्यवसायिक कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरुबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०७/०६) भित्र यस कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव पेश गर्नुहुन आव्हान गरिएको छ।

<u>तपसिलः</u>

| क्र.सं. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | क्रियाकलापहरु | अनुदान सिमा |
|---|---|---|---|---|
| १ | टनेल एवम् मल्चिङ्ग प्रविधि मार्फत तरकारी उत्पादन कार्यक्रम | ➢ कृषि फर्म/कृषक समूह/कृषि सहकारीले कार्यक्रम माग गर्न सक्ने<br>➢ कम्तिमा १ रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको हुनुपर्ने वा कम्तिमा २ वटा टनेल निर्माण गरी तरकारी खेती गरेको हुनुपर्ने<br>➢ नयाँ कृषकको हकमा कम्तिमा २ वटा टनेल निर्माण गरी तरकारी खेती गर्नुपर्ने | ➢ तरकारी खेतीको लागि कृषि फर्मको हकमा कम्तिमा २ वटा टनेल तथा कृषक समूह/कृषि सहकारीले कम्तिमा १५ वटा टनेल एउटै क्लस्टरमा निर्माण गर्नु पर्ने<br>➢ टनेल बाहिर तरकारी खेतिको लागि मल्चिङ्ग प्रविधि प्रयोग गरि खेति गर्न सकिने | ➢ टनेल निर्माणमा प्राविधिक मूल्याङ्कन अनुसार बाँसको हकमा प्रति टनेल मुल्याङ्कनको ५०% अनुदान वा अधिकतम रु १० हजार र फलामको हकमा प्रति टनेल ५०% वा अधिकतम रू. २५ हजार अनुदान<br>➢ मल्चिङ्ग प्रविधिको हकमा लागत |

प्रमुख प्रशासकीय अधिकृत

Email : ito.gulmidarbarrulmun@gmail.com
info@gulmidarbarmun.gov.np
Website : www.gulmidarbarmun.gov.np

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुमानको ५०% अनुदान |
| २ | कृषि यान्त्रीकरण कार्यक्रम | ➢ कृषक/कृषि फर्म/कृषक समूह/ कृषि सहकारी दर्ता गरी व्यावसायीक रुपमा तरकारी, फलफुल तथा मसलाबाली खेती गरेको हुनुपर्ने | ➢ साना कृषि मेसिनरी औजार उपकरणहरु जस्तै मिनिटिलर, कम्बाइन मिल तथा अन्य यन्त्रहरु माग गर्न सकिने | ➢ कुल लागतको ५०% अनुदान |
| ३ | तरकारी उत्पादन सामग्री वितरण | ➢ कृषक/कृषि फर्म/कृषक समूह/ कृषि सहकारीले कार्यक्रम माग गर्न सक्ने<br>➢ आलु, बेसार, अदुवा तथा अन्य मसला बालीको हकमा न्यूनतम ३ रोपनी क्षेत्रफल<br>➢ अन्य तरकारीको हकमा न्यूनतम १ रोपनी क्षेत्रफल | ➢ तरकारी वीउ, विषादी, सुक्ष्मतत्व, प्राङ्गारिक मल, सिंचाई पोखरी प्लास्टिक, स्प्रेयर तथा अन्य उत्पादन सामग्री माग गर्न सकिने | ➢ कुल लागतमा ५०% अनुदान |
| ४ | थोपा सिंचाई प्रविधि कार्यक्रम | ➢ कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीले कार्यक्रम माग गर्न सक्ने<br>➢ तरकारीको हकमा न्यूनतम १ रोपनी क्षेत्रफल र फलफुलको हकमा १०० वटा बिरुवा वा ३ रोपनी क्षेत्रफलमा खेती गर्नुपर्ने | ➢ थोपा सिंचाईको लागि आवश्यक उपकरणहरु माग गर्न सकिने | ➢ कुल लागतको ७५% अनुदान |
| ५ | फलफुल बगैंचा विस्तार तथा सुदृढीकरण कार्यक्रम | ➢ कृषि फर्म/कृषक समूह/कृषि सहकारीले कार्यक्रम माग गर्न सक्ने<br>➢ पुरानो बगैंचाको हकमा कृषि फर्मको लागि उत्पादन दिने ५० वटा फलफुलको बोट भएको | ➢ बगैंचा स्थापनाको लागि बिरुवा<br>➢ प्राङ्गारिक मल, विषादी, सुक्ष्मतत्व, औजार/ उकरणहरु खरिद तथा ढुवानी | ➢ खाडल खन्नेमा ७५% अनुदान<br>➢ बिरुवा, प्राङ्गारिक मल तथा अन्य उत्पादन सामग्रीमा ५०% अनुदान |

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | हुनुपर्ने तथा कृषक समूह/कृषि सहकारीको लागि उत्पादन दिने १०० वटा फलफुलको बोट हुनुपर्ने<br>➢ नयाँ बगैंचा निर्माणको लागि कम्तिमा आँप र लिचिको हकमा ५० वटा र अन्य फलफूलको हकमा १०० वटा बिरुवा वा ३ रोपनी क्षेत्रफलमा बगैंचा विस्तार गर्नुपर्ने | | |

पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. कार्यक्रम माग गर्ने कृषक समूह/सहकारीको निर्णय प्रतिलिपि
२. गाउँपालिकामा कृषक समूह/कृषि सहकारी/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
४. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. प्रस्ताव पेश गर्ने आधिकारिक व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि
६. कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वामित्व खुल्ने कागजात वा जग्गा भाडामा लिएको भएमा कम्तीमा ५ वर्षको करार सम्झौता प्रतिलिपि
७. गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८१ को अनुसुची २ अनुसारको निवेदन र अनुसुची ३ अनुसारको प्रस्ताव
८. विदेशबाट फर्किएर व्यवसाय संचालन गरेको भएमा विदेशबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि
९. सम्बन्धित वडा कार्यालयको सिफारिस

थप जानकारीको लागि सम्पर्क नं. ९८५७०८६२१२, ९८५७०८५२०९

२०८१।६।१६
भेषराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

अनुसची २

## निवेदनको ढाँचा

मितिः ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गुल्मीदरबार गाउँपालिका
गौंडाकोट, गुल्मी ।

विषयः कार्यक्रममा सहभागी गराई दिनुहुन ।

महोदय,

प्रस्तुत विषयमा यस गुल्मीदरबार गाउँपालिकाको मिति .................... गतेको प्रकाशित सूचना अनुसार म/यस फर्म/समूह/सहकारीले मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अनुसार गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत ....................................................... कार्यक्रम संचालन गर्न ईच्छुक रहेकोले निम्नानुसार कागजात सहित निवेदन पेश गर्दछु/गर्दछौं।

संलग्न कागजातहरुः

| क.सं. | कागजातहरु | रहेको | नरहेको | कैफियत |
|---|---|---|---|---|
| १ | कृषक समूह / कृषि सहकारी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि | | | |
| २ | कृषक समूह / कृषि सहकारीको कार्यक्रम मागको निर्णय प्रतिलिपि | | | |
| ३ | सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र | | | |
| ४ | स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि | | | |
| ५ | करचुक्ता प्रमाणपत्रको प्रतिलिपि | | | |
| ६ | अनुसुची ३ अनुसारको प्रस्ताव पत्र | | | |
| ७ | जग्गा भाडा करार सम्झौता | | | |
| ८ | व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी | | | |

निवेदकः

दस्तखतः

नामः

पदः

ठेगानाः

सम्पर्क नं.:

## अनुसुची ३

## प्रस्ताव पत्र

१. कार्यक्रमको नामः

२. आवेदकको नामः

३. ठेगानाः ४. सम्पर्क नं.

५. संचालक/अध्यक्षको नामः

६. कार्यक्रमको उद्देश्यः

७. कार्यक्रम संचालन गरिने स्थानको विवरणः

८. उपलब्ध पूर्वाधारहरुः

९. व्यवसायको अनुभवः

१०. विदेशबाट फर्केको भएमा फर्किएको मितिः

११. तालिम सम्बन्धि विवरणः

- तालिमको नामः
- तालिम दिने संस्थाः
- तालिमको अवधिः

१२. रोजगारी श्रृजनाः क. स्थायी .......... जना ख. अस्थायीः ......... जना

१३. उपलब्ध जग्गाको क्षेत्रफलः

हाल खेती भएको - क. आफ्नोः .......... रोपनी ख. भाडामाः ............ रोपनी

विस्तार हुन सक्ने — क. आफ्नोः .......... रोपनी ख. भाडामाः ............ रोपनी

१४. प्रस्तावित क्रियाकलापहरु:

| क्र.सं. | क्रियाकलापको नाम | परिमाण | दर | कुल लागत | अनुदान रकम | साझेदारी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१५. कार्यक्रम सम्पन्न हुने अवधि:

म/हामी/यस समूह/सहकारी/फर्मले माथी उल्लेखित कार्यक्रममा छनौट भई कार्यक्रम संचालन गरे पश्चात सोही बमोजिमको कार्यहरु आगामि ............................ वर्षको लागि संचालन गर्ने प्रतिवद्धता गर्दछु/गर्दछौं।

प्रस्ताव पेश गर्नेको:

नाम:

दस्तखत:

मिति: